**नेपाली राजदूतावास**
**वाशिङ्गटन, डि.सी.**

**मितिः २०८२।१०।०६**
**(जनवरी २०, २०२६)**

**<u>जरुरी सूचना</u>**

अमेरिकाको नर्थ क्यारोलाइना (North Carolina) र आसपासका क्षेत्रमा रहनुभएका नेपालीहरुको सहजताको लागि स्थानीय संघ संस्थाको समन्वयमा यस राजदूतावासद्वारा यही **०७-०८ फेब्रुअरी २०२६** मा नर्थ क्यारोलाइना (North Carolina) राज्यको शार्लट (Charlotte) मा राहदानी घुम्ति सेवा शिविर (Passport Camp) संचालन हुन गैरहेको छ। उक्त अवधिमा सेवा लिन चाहने राहदानी आवेदकहरुलाई राहदानी फारम भर्नको लागि **फेब्रुअरी ०७ र ०८** को मितिको Appointment Slots खुलाइएकोले यथासमयमै राहदानी फारम अनलाइन मार्फत भर्नुहुन अनुरोध गरिन्छ। यस सम्बन्धी विस्तृत विवरण छुट्टै सूचना मर्फत जानकारी गराइएको छ। यही **फेब्रुअरी ०७ र ०८** को मितिमा फारम भर्ने आवेदकहरुले नर्थ क्यारोलाइना (North Carolina) राज्यको शार्लट (Charlotte) को घुम्ती शिविरबाट मात्र सेवा लिन सक्ने व्यहोरा अनुरोध छ।

आवेदन फारममा Appointment Location: NE, Washington DC लेखिए तापनि **फेब्रुअरी ०७ (शनिबार) र ०८ (आइतबार)** का दिन राजदूतावास बन्द रहने र सो फारमहरु नर्थ क्यारोलाइना (North Carolina) राज्यको शार्लट (Charlotte) को घुम्ती शिविरमा मात्र प्रयोगमा आउने व्यहोरा अनुरोध छ।

###